आर्थिक वर्ष २०७८/७९ मा सञ्चालित नीति तथा प्रमुख

कार्यक्रमहरूको वार्षिक

प्रगति प्रतिवेदन (सारांश)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं

भाद्र, २०७९

विषयसूची

१. पृष्ठभूमि.....१

२. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति..... २

२.१. आ.व. २०७८/७९ को क्रियाकलाप तथा माइलस्टोनको प्रगति..... २

२.२. विगत तीन वर्षको क्रियाकलाप तथा माइलस्टोनको प्रगति.....३

३. खर्च सम्बन्धी प्रगति स्थिति..... ४

३.१. कुल खर्च विवरण..... ४

३.२. मन्त्रालयगत/निकायगत पूँजीगत खर्च विवरण..... ५

४. क्षेत्रगत प्रगति स्थिति ६

४.१ आर्थिक क्षेत्र.....६

४.२ पूर्वाधार क्षेत्र.....११

४.३ सामाजिक क्षेत्र..... ...१४

४.४ शासकीय सुधार क्षेत्र..... १८

५. संक्षिप्त समीक्षा.....२२

१. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, सो क्रियाकलापसँग सम्बन्धित प्रक्रिया तथा नतिजा समेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात मन्त्रालय/निकायहरूले आवधिकरूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गर्ने गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिकरूपमा यो प्रतिवेदन तयार गरिएको छ।

एकीकृत अनुगमन प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिलमा सघाउ पुऱ्याउनेछ। यस प्रणालीले कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदन समेतलाई एकै प्रणालीमार्फत् गर्ने र अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम हुने तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित रही दीर्घकालीन प्रयोगमा समेत ल्याउन सकिन्छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुग्नेछ।

प्रस्तुत प्रगति प्रतिवेदनमा आ.व. २०७८/७९ को असार मसान्तसम्ममा बजेट खर्चको स्थिति, क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति, मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति समेट्नुको साथै मन्त्रालय/निकायहरूबाट असार महिनासम्ममा सम्पन्न हुनुपर्ने तर सुरु हुन नसकेका माइलस्टोनको कारणहरू पहिचान गरिएको छ। प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यांक एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाईन प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त खर्चसम्बन्धी विवरणमा आधारित छन्।

आ.व. २०७८/७९ मा प्रारम्भमा सरकारले अध्यादेशमार्फत् बजेट तथा कार्यक्रम घोषणा गरी कार्यान्वयनयमा ल्याइएकोमा उक्त बजेट कार्यक्रम अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत सबै मन्त्रालयहरू, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, लगानी बोर्डको कार्यालय र राष्ट्रिय योजना आयोगसमेत गरी ११८० क्रियाकलाप र २५७९ माइलस्टोनका साथै ३०८ कार्यसम्पादन सूचकहरूमा कार्ययोजनालाई

व्यवस्थित गरिएको थियो। त्यसपछि मिति २०७८/५/२५ गते प्रतिस्थापन विधेयक मार्फत् नयाँ बजेट तथा कार्यक्रमको घोषणा भएपश्चात कार्ययोजनालाई संशोधन गरी मन्त्रालय/निकायहरूका १२१४ क्रियाकलाप, २६३८ माइलस्टोन र ३०८ कार्यसम्पादन सूचक निर्धारण गरिएको थियो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विघटन भई अन्य निकाय/मन्त्रालयहरूमा हस्तान्तरण भएका सम्पन्न हुन बाँकी ४६ क्रियाकलाप र १०८ माइलस्टोनसमेत समायोजन गरी यस प्रतिवेदनमा जम्मा १२१३ क्रियाकलाप र २६३६ माइलस्टोनको क्षेत्रगत प्रगति र स्थिति चित्रण गरिएको छ।

२. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

२.१. आ.व. २०७८/७९ को क्रियाकलाप तथा माइलस्टोनको प्रगति

कुल १२१३ क्रियाकलाप तथा २६३६ माईलस्टोनमध्ये असार मसान्तसम्ममा ३७.३४% क्रियाकलाप र ४५.६% माइलस्टोन सम्पन्न भएका छन्। असारसम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित भएका क्रियाकलापहरूमध्ये ५४.८३% चालु अवस्थामा रहेका र ७.८३% सुरु हुन सकेका छैनन् भने ३९.३७% माइलस्टोन चालु अवस्थामा रहेका र १५.०२% माइलस्टोन सुरु हुन सकेका छैनन्। क्रियाकलाप र माइलस्टोनको कार्यान्वयनको प्रगति स्थितिलाई क्रमशः तालिका -१ र तालिका -२ मा प्रस्तुत गरिएको छः-

तालिका -१

कुल क्रियाकलापहरूको स्थिति

कुल संख्या	२०७९ असारसम्म		
	सम्पन्न भएका	चालु	सुरु नभएका
१२१३	४५३	६६५	९५
प्रतिशत	३७.३५%	५४.८२%	७.८३%

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

तालिका -२

कुल माइलस्टोनहरूको स्थिति

कुल संख्या	२०७९ असारसम्म		
	सम्पन्न भएका	चालु	सुरु नभएका
२६३६	१२०२	१०३८	३९६
प्रतिशत	४५.६०%	३९.३७%	१५.०२%

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

मन्त्रालय तथा निकायहरूले असार महिनासम्म सम्पन्न गर्नुपर्ने क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिशत लेखाचित्र-१ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र-१

कुल क्रियाकलाप तथा माईलस्टोनहरूको असारसम्मको प्रगति स्थिति





२.२. विगत तीन वर्षको क्रियाकलाप तथा माइलस्टोनको प्रगति

विगत तीन वर्षको क्रियाकलाप तथा माइलस्टोनको प्रगति अवस्थाको संक्षिप्त विश्लेषण गर्दा आ.व. २०७८/७९ को प्रगति विवरण तुलनात्मक रूपमा कम देखिएको छ। आ.व. २०७६/७७ मा ३१% क्रियाकलाप र ५४% माइलस्टोन सम्पन्न भएका थिए। आ.व. २०७७/७८ मा ५२% क्रियाकलाप तथा ५९% माइलस्टोन सम्पन्न भएका थिए भने आ.व. २०७८/७९ जम्मा ३७% क्रियाकलाप तथा ४५% माइलस्टोन मात्र सम्पन्न भएका छन्। त्यसै गरी आ.व. २०७६/७७ मा ६४% क्रियाकलाप र ३८% माइलस्टोन, आ.व. २०७७/७८ मा ४७% क्रियाकलाप र ३७% माइलस्टोन र आ.व. २०७८/७९ मा ५५% क्रियाकलाप र ४०% माइलस्टोन सुरू भइ निश्चित लक्ष्य हासिल गरी चालु अवस्थामा रहेका थिए। आ.व. २०७८/७९ मा सम्पन्न गर्ने भनिएका ८% क्रियाकलाप र १५% माइलस्टोनहरू सुरु नै हुन नसकेको देखिएको छ भने आ.व. २०७६/७७ र २०७७/७८ मा सुरु हुन नसकेका क्रियाकलाप र माइलस्टोनहरू क्रमश ५%, ८% र १%, ४% प्रतिशत रहेका थिए। पछिल्लो तीन आर्थिक वर्षको क्रियाकलाप तथा माइलस्टोनहरूको प्रगति विवरण तालिका ३ र लेखाचित्र २ मा प्रस्तुत गरिएको छ।

तालिका-३

विगत तीन वर्षको स्थिति

विवरण	सम्पन्न			चालु			सुरु नभएका		
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७६/७७	२०७७/७८	२०७८/७९
क्रियाकलाप	३१%	५२%	३७%	६४%	४७%	५५%	५%	१%	८%
माइलस्टोन	५४%	५९%	४५%	३८%	३७%	४०%	८%	४%	१५%

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र २



३. खर्च सम्बन्धी प्रगति स्थिति

३.१. कुल खर्च विवरण

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये असार मसान्तसम्ममा ७९.८६% खर्च भएको छ। यसमध्ये चालुतर्फ ९०.३६%, पूँजीगततर्फ ५७.६८% तथा वित्तीय व्यवस्थापन तर्फ ६५.६९% खर्च भएको छ। कुल खर्चसम्बन्धी विवरण तालिका-४ मा राखिएको छ।

तालिका-४

२०७९ असारसम्मको कुल खर्च विवरण

रु. अर्बमा

विषय	चालु	पूँजीगत	वित्तीय	कुल
कुल बजेट	१०५९.५९	३७५.३१७	१९७.८८४	१६३२.७९२
असार सम्मको खर्च	९५७.४४७	२१६.५०५	१३०.००५	१३०३.९५८
खर्च प्रतिशत	९०.३६%	५७.६८%	६५.६९%	७९.८६%

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

३.२. मन्त्रालयगत/निकायगत पूँजीगत खर्च विवरण

आ.व. ०७८/७९ मा नेपाल सरकारको पूँजिगत खर्चको प्रगति ५७.६८% भएको छ। यस विश्लेषणमा समेटिएका २३ मन्त्रालय/निकायहरूमध्ये राष्ट्रिय औसत र सो भन्दा माथि पूँजिगत खर्च गर्ने निकायहरू १४ छन् भने ९ वटा निकायहरूको पूँजिगत खर्चको प्रगति राष्ट्रिय औसत भन्दा कम देखिएको छ। तुलनात्मक रूपमा राष्ट्रिय योजना आयोगको अधिकतम ९४.६५% र अर्थ मन्त्रालयको न्यूनतम १०.३५% मात्र पूँजिगत खर्च भएको देखिएको छ। कुल पूँजिगत खर्चको ४५.४% प्रतिशत भार रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ५७.९७% प्रगति देखिएको छ। त्यस्तै ११.८३% भार रहेको उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको ८०.४५% प्रगति देखिएको छ। मन्त्रालयगत/निकायगत पूँजिगत खर्चको विवरण तालिका ५ लेखाचित्र ३ मा प्रस्तुत गरिएको छ।

तालिका-५

मन्त्रालयगत/निकायगत पूँजीगत खर्च

क्र.सं.	मन्त्रालय/निकाय	भार (कुल पूँजिगत खर्चमा)	पूँजिगत खर्च प्रतिशत
१	राष्ट्रिय योजना आयोग	०.०२	९४.६५
२	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	०.४६	८१.५२
३	उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	११.८३	८०.४५
४	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०.१७	७७.९५
५	गृह मन्त्रालय	३.५८	७७.०५
६	वन तथा वातावरण मन्त्रालय	१.३४	७२.१४
७	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	६.२१	७०.२१
८	शहरी विकास मन्त्रालय	८.९९	६९.९५
९	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	०.६१	६७.२५
१०	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	०.७०	६६.४८
११	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	०.०१	६२.२०
१२	रक्षा मन्त्रालय	२.५३	६०.३६
१३	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	४५.४०	५७.९७
१४	खानेपानी मन्त्रालय	७.२१	५७.६७
१५	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	४.०१	५३.५५
१६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१.१४	५०.११
१७	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	०.०४	४९.६०

१८	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	०.१२	३९.८७
१९	युवा तथा खेलकूद मन्त्रालय	०.१७	३९.०३
२०	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१.६३	३०.२०
२१	महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	०.०५	२९.९४
२२	परराष्ट्र मन्त्रालय	०.४६	२०.१५
२३	अर्थ मन्त्रालय	३.३२	१०.३५

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

लेखाचित्र ३

मन्त्रालयगत/निकायगत पूँजीगत खर्च



४. क्षेत्रगत प्रगति स्थिति

४.१ आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत अर्थ, कृषि तथा पशुपंक्षी विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र लगानी बोर्डको

कार्यालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

आ.व. २०७८/७९ मा यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूको सम्पादनको तुलनात्मक स्थिति हेर्दा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको सबैभन्दा धेरै ७६.०९% क्रियाकलापहरू सम्पन्न भएका छन् भने १७.३९% चालु अवस्थामा रहेका छन्। त्यसैगरी, लगानी बोर्डको कार्यालयको ६३.१६% सम्पन्न भएका छन् भने ३६.८४% चालु अवस्थामा रहेका छन्। अर्थ मन्त्रालयको ५३.३८% क्रियाकलापहरू सम्पन्न भएका छन् भने ४२.८६% चालु अवस्थामा रहेका छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको ४६.१५%, वन तथा वातावरण मन्त्रालयको ३३.३३%, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको १३.७५% क्रियाकलाप सम्पन्न भएका छन् भने उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको ८.२४% क्रियाकलाप मात्र सम्पन्न भएको देखिएको छ। समग्र आर्थिक क्षेत्रको क्रियाकलापको प्रगति स्थिति हेर्दा ४१.३५% सम्पन्न भएको, ५०% चालु अवस्थामा रहेको र ८.६% कार्य सुरु हुन नसकेको अवस्था देखिएको छ। यस क्षेत्रका क्रियाकलापहरूको सम्पादन सम्बन्धी विस्तृत विवरण तालिका-६ मा उल्लेख गरिएको छ।

तालिका-६

आर्थिक क्षेत्रका क्रियाकलापको आ.व. २०७८/७९ को वार्षिक प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	अर्थ	१३३	७१	५३.३८	५७	४२.८६	५	३.७६
२	कृषि तथा पशुपंछी विकास	९२	७०	७६.०९	१६	१७.३९	६	६.५२
३	उद्योग, वाणिज्य तथा आपूर्ति	८५	७	८.२४	५०	५८.८२	२८	३२.९४
४	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	८०	११	१३.७५	६८	८५.००	१	१.२५
५	वन तथा वातावरण	३९	१३	३३.३३	२६	६६.६७	०	०.००
६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	२६	१२	४६.१५	१३	५०.००	१	३.८५
७	लगानी बोर्डको कार्यालय	१९	१२	६३.१६	७	३६.८४	०	०.००
कुल		४७४	१९६	४१.३५	२३७	५०	४१	८.६५

स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र ४



(ख) माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्रका ७ निकायहरूको समग्र स्थिति हेर्दा आ.व. २०७८/७९ मा सम्पन्न हुनुपर्ने माईलस्टोनहरूमध्ये ४८.४९% माइलस्टोन मात्र सम्पन्न भएका छन्। यस अवधिमा सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ३६.६४% चालु अवस्थामा रहेका छन् भने १४.८७% सुरु हुन सकेका छैनन् जसमध्ये सबै भन्दा धेरै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सम्पन्न हुनुपर्नेमध्ये ४४.९१% माईलस्टोन सुरु नै हुन नसकेको अवस्था देखिएको छ। तुलनात्मक रूपमा सबैभन्दा धेरै ७९.०७% माइलस्टोन सम्पन्न भएको लगानी बोर्डको कार्यालयको १६.२८% माइलस्टोन चालु अवस्थामा रहेको देखिएको छ। त्यस्तै कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको पनि ७७.९३% माइलस्टोन सम्पन्न भएको देखिएको छ। यस क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति सम्बन्धी विवरण तालिका-७ र लेखाचित्र ५ मा प्रस्तुत गरिएको छ ।

तालिका-७

आर्थिक क्षेत्रका निकायहरूको माइलस्टोनहरूको आ.व.२०७८/७९ को प्रगति स्थिति

क्र.सं.	मन्त्रालय/ निकाय	माइलस्टोन संख्या	सम्पन्न हुनुपर्नेमध्ये					
			सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	अर्थ	१७९	१०२	५६.९८	७०	३९.११	७	३.९१
२	कृषि	२२२	१७३	७७.९३	२३	१०.३६	२६	११.७१
३	उद्योग	१६७	१६	९.५८	७६	४५.५१	७५	४४.९१
४	संस्कृति	१७८	४६	२५.८४	११९	६६.८५	१३	७.३०
५	वन	७५	४०	५३.३३	२९	३८.६७	६	८
६	भूमि व्यवस्था	६४	३९	६०.९४	१६	२५	९	१४.०६
७	लगानी बोर्ड	४३	३४	७९.०७	७	१६.२८	२	४.६५
कुल		९२८	४५०	४८.४९	३४०	३६.६४	१३८	१४.८७

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र ५



यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको पूर्व निर्धारित कार्ययोजना अनुसारको कार्यसम्पादनको समय अनुसार विश्लेषण गर्दा आ.व. २०७८/७९ मा सम्पन्न हुनुपर्ने ९२८ माइलस्टोनहरूमध्ये ४५० मात्र सम्पन्न भएका छन् भने सम्पन्न ४५० माईलस्टोनमध्ये २९३ समयमै सम्पन्न भएका छन्। कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको ९२ सहित १५२ माइलस्टोनहरू निर्धारित समयभन्दा ढिलो सम्पन्न भएका छन्। वन तथा वातावरण मन्त्रालयको ५ माइलस्टोनहरू निर्धारित समय भन्दा छिटो सम्पन्न भएका छन्। आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको सम्पन्न स्थिति तालिका-८ मा प्रस्तुत गरिएको छ।

तालिका-८

आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	माइलस्टोन संख्या	कुल सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	अर्थ	१७९	१०२	०	९२	१०
२	कृषि तथा पशुपंछी विकास	२२२	१७३	०	८१	९२
३	उद्योग, वाणिज्य तथा आपूर्ति	१६७	१६	०	१६	०
४	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	१७८	४६	०	४५	१
५	वन तथा वातावरण	७५	४०	५	२०	१५
६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	६४	३९	०	१८	२१
७	लगानी बोर्डको कार्यालय	४३	३४	०	२१	१३
	कुल	९२८	४५०	५	२९३	१५२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ग) प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

यस क्षेत्रका मुख्य कार्यसम्पादन सूचकहरुको आ.व. २०७८/७९ को प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

तालिका ९

आर्थिक क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

क्र.सं.	नतिजा सूचक	दिगो विकास लक्ष्य नं.	समीक्षा अवधि	भार	एकाइ	बेसलाइन	वार्षिक लक्ष्य	वार्षिक प्रगति
१	आर्थिक वृद्धि	८	बार्षिक	५	प्रतिशत	४.०१	७	५.८४
२	समग्र पूँजीगत खर्च	८.१	मासिक	५	रु अर्ब	२२८.३७	३७८	२१६.३
३	राजस्व परिचालन	१७.१	मासिक	२०	रु अर्ब	९७८.७४	११८०.६	१११६.४१
४	वैदेशिक सहायताको परिचालन	१७.३	मासिक	१०	रु अर्ब	२२५.३५	३७२.५७	२३७.९१
५	उपभोक्ता मुद्रास्फिति (वार्षिक विन्दुगत)	८.१	मासिक	५	प्रतिशत	४.१९	६.५	८.०८
६	विदेशी विनिमय संचिति	८	मासिक	५	रु अर्ब	१३६५.६५	१४०४	१२१५.८०
७	धान उत्पादन	२.३.१	वार्षिक	५	मे.टन (हजारमा)	५६२१.७	५७५१	५१३१
८	रासायनिक मल आपूर्ति	२	मासिक		मे.टन (हजारमा)		३५०	१९१
९	ठुला उद्योग दर्ता	९.२	मासिक	५	संख्या	४२	९२	९१
१०	मझौला उद्योग दर्ता	९.२	मासिक	५	संख्या	४९	१०९	१०८
११	घरेलु तथा साना उद्योग दर्ता	९.३	मासिक	५	संख्या (हजारमा)	४६	८६	९३
१२	उद्योगबाट थप रोजगारी सिर्जना	९.२	बार्षिक	१०	जना (हजारमा)	१४०	२८०	१६१
१३	कूल निकासी	१७.११	मासिक	५	रू. अर्ब	१४१	१६७	२००
१४	कूल आयात	१७.११	मासिक	५	रू. अर्ब	१५४०	१६७६	१९२०
१५	उद्योगमा वैदेशिक लगानी	१०	मासिक	१०	रू. अर्ब	३२	३५	५४.१५
१६	पर्यटक आगमन	८.९	मासिक	१०	संख्या (लाखमा)	२.३	५	३.९
१७	पर्यटकको बसाई अवधि	८.९	बार्षिक	१०	दिन	१५.१	१६	१५.५
१८	प्रति पर्यटक प्रतिदिन खर्च	८.९	बार्षिक	१०	US $ डलर	६५	७८	४८
१९	वन क्षेत्रबाट राजस्व रकम	१७.१	मासिक	१०	रु. अर्ब	४.०६	४.५	५.५
२०	काठको उत्पादन	१२.२	मासिक	१०	क्यु.फिट (लाखमा)	१९४.२४	२५०	२१८
२१	वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५)	११.६	मासिक	५	माइक्रोग्राम प्रति घन मिटर	४७.२३	४५	३७.३७

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

४.२ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात, उर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास, खानेपानी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रअन्तर्गतका क्रियाकलापहरूको असारमसान्तसम्म कार्यसम्पादनको स्थिति हेर्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ३२.१४% क्रियाकलाप सम्पन्न भएका छन्। त्यसैगरी उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ३१.८२%, शहरी विकास मन्त्रालयको १४.७५%, खानेपानी मन्त्रालयको ८.८२% र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २.९९% क्रियाकलाप मात्र सम्पन्न भएका छन्। समग्रमा यस क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति न्यून रहेको छ। पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति तालिका-१० र लेखाचित्र ६ मा प्रस्तुत गरिएको छ।

तालिका-१०

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		कार्य सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	भौतिक पूर्वाधार तथा यातायात	६७	२	२.९९	४५	६७.१६	२०	२९.८५
२	ऊर्जा, जलस्रोत तथा सिंचाई	८८	२८	३१.८२	५५	६२.५०	५	५.६८
३	शहरी विकास	६१	९	१४.७५	४१	६७.२१	११	१८.०३
४	खानेपानी	३४	३	८.८२	२७	७९.४१	४	११.७६
५	सञ्चार तथा सूचना प्रविधि	५६	१८	३२.१४	३६	६४.२९	२	३.५७
	कुल	३०६	६०	१९.६१	२०४	६६.६७	४२	१३.७३

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र ६



(ख) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र रहेका मन्त्रालयहरूमध्ये सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सम्पन्न हुनुपर्ने माइलस्टोन मध्ये ४७.२% सम्पन्न भएका छन् भने ३०.३% चालु अवस्थामा रहेको देखिएको छ। उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ३८.२%, सहरी विकास मन्त्रालयको १९.७%, खानेपानी मन्त्रालयको १२.३% र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १३.४% माइलस्टोन मात्र सम्पन्न भएका छन्। पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति तालिका-११ र लेखाचित्र ७ मा प्रस्तुत गरिएको छ।

तालिका-११

पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको आ.व.२०७८/७९ को प्रगति स्थिति

क्र.सं.	मन्त्रालय/ निकाय	माइलस्टोन संख्या	सम्पन्न हुनुपर्नेमध्ये					
			सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	भौतिक पूर्वाधार	१४९	१८	१२.१	५७	३८.३	७४	४९.६६
२	ऊर्जा, जलस्रोत	३०४	११६	३८.२	१६३	५३.६	२५	८.२२४
३	सहरी विकास	११७	२३	१९.७	५८	४९.६	३६	३०.७७
४	खानेपानी	८१	१०	१२.३	५०	६१.७	२१	२५.९३
५	सञ्चार	१४२	६७	४७.२	४३	३०.३	३२	२२.५४
कुल		७९३	२३४	२९.५	३७१	४६.८	१८८	२३.७१

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र ७



यस क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको आर्थिक वर्ष २०७८/७९ को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कुल ७९३ माइलस्टोनमध्ये यस अवधिमा कुल २३४ माइलस्टोन मात्र सम्पन्न भएका छन्। सम्पन्न माइलस्टोनहरूको समयसीमाका आधारमा विश्लेषण गर्दा ३७.६% ढिलो सम्पन्न भएका छन् भने १.२८% छिटो सम्पन्न भएका छन्। बाँकी समयमै सम्पन्न भएका छन। समय सारिणीअनुसार माइलस्टोनको प्रगति तालिका-१२ मा प्रस्तुत गरिएको छ।

तालिका-१२

पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय	माइल्स्टोन्स संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१४९	१८	०	१४	४
२	ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	३०४	११६	०	७२	४४
३	सहरी विकास मन्त्रालय	११७	२३	०	२३	०
४	खानेपानी मन्त्रालय	८१	१०	०	१०	०
५	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	१४२	६७	३	२४	४०
कुल		७९३	२३४	३	१४३	८८

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ग) प्रमुख कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

यस क्षेत्रका कार्यसम्पादन सूचकहरूको आ.व. २०७८/७९ को प्रगति स्थिति देहाय वमोजिम रहेको छः

तालिका १३

पूर्वाधार क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

क्र.सं.	नतिजा सूचक	दिगो विकास लक्ष्य नं.	समीक्षा अवधि	भार	एकाइ	बेसलाइन	वार्षिक लक्ष्य	वार्षिक प्रगति
१	कालो पत्रे सडक (दुई लेन)	९.१	मासिक	१०	कि.मि.	१६६१४	१८११४	१७२३२
२	पुल निर्माण	९.१	मासिक	५	वटा	२७१३	३०४५	२९९५
३	रेल मार्ग (ट्रयाक निर्माण)	९.१	मासिक	५	कि.मि.			१११.५
४	सुरूङ निर्माण	९.१	मासिक	५	कि.मी.	०.९	३.३	३.१२
५	थप जग्गामा सिंचाइ सुविधा (संघीयस्तर मात्र)	२.४	मासिक	२.५	हेक्टर (हजारमा)	१५०९	१५३७	१५३१
६	जल विद्युत् उत्पादन क्षमता	७.२.१	मासिक	१०	मे.वा.	१६८५.५	२९४७	२२६०.३९
७	प्रसारण लाइन निर्माण (६६ के.भि. भन्दा बढी)	७.२	त्रैमासिक	१०	स.कि.मि.	४६४०	५६९९	४९२५
८	३३ के भि प्रसारण लाईन विस्तार	७.२	त्रैमासिक	२.५	स.कि.मि.	६०१९	६५००	६११८

क्र.सं.	नतिजा सूचक	दिगो विकास लक्ष्य नं.	समीक्षा अवधि	भार	एकाइ	बेसलाइन	वार्षिक लक्ष्य	वार्षिक प्रगति
९	प्रतिव्यक्ति विद्युत् खपत	७.१.१.३	वार्षिक	२.५	कि.वा. घण्टा	३२५	३५०	४००
१०	संघीय संसद भवन निर्माण	१६	त्रैमासिक	७.५	भौ.प्र.(%)	३२	६०	४५
११	आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या	६.१.१	वार्षिक	१५	प्रतिशत	९३.२१	९५	९४.५६
१२	उच्च मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या	६.१.१	वार्षिक	२०	प्रतिशत	२४.६५	२७	२५.९८
१३	ब्रोन्डब्यान्ड इन्टरनेट पुगेको स्थानिय तह	१६	मासिक	१०	संख्या	७१३	७५३	७३८
१४	अप्टिकल फाइबर विस्तार	१७.६.२	मासिक	५	कि.मी.	१०५८२	१९१७०	१२२२४
१५	इम्बोस्ड नं. प्लेट वितरण	९	त्रैमासिक	२.५	संख्या लाख	०.३८३	१२.३८३	२.२९

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

४.३ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रगति विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसंग सम्बन्धित मन्त्रालयहरूका कुल २४३ क्रियाकलापहरू रहेकामा केवल ४८.१५% सम्पन्न भएका, ४८.५६% चालु अवस्थामा रहेका र ३.२९% सुरु नभएको देखिएको छ। समूहमा सबै भन्दा धेरै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ६७.८६% क्रियाकलाप सम्पन्न भएका छन् भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ६१.५४%, युवा तथा खेलकुद मन्त्रालयको ५३.४२%, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ४४.२६% र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २९.०९% क्रियाकलापमात्र सम्पन्न भएको देखिएको छ। त्यसैगरी कुल ४८.५६% क्रियाकलाप चालु रहेकामा सबैभन्दा धेरै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ५५.७४% क्रियाकलापहरू चालु अवस्थामा रहेका छन्। सुरु नभएका कुल क्रियाकलापहरू ३.२९% मध्ये सबैभन्दा धेरै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १०.९१% देखिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र युवा तथा खेलदकुद मन्त्रालयको सबै

क्रियाकलापहरू सुरु भएको देखिएको छ। सामाजिक क्षेत्रका क्रियाकलापहरूको कार्यान्वयनसम्बन्धी प्रगति विवरण तालिका-१४ र लेखाचित्र ८ मा प्रस्तुत गरिएको छः-

तालिका-१४

सामाजिक क्षेत्रका क्रियाकलापको आ.व. २०७८/७९ को प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	६१	२७	४४.२६	३४	५५.७४	०	०
२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५५	१६	२९.०९	३३	६०	६	१०.९१
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	२८	१९	६७.८६	९	३२.१४	०	०
४	युवा तथा खेलकुद मन्त्रालय	७३	३९	५३.४२	३४	४६.५८	०	०
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	२६	१६	६१.५४	८	३०.७७	२	७.६९
कुल		२४३	११७	४८.१५	११८	४८.५६	८	३.२९

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र ८



(ख) माइलस्टोनको प्रगति स्थिति

यस क्षेत्रका कुल ५१० माइलस्टोनमध्ये केवल ५७.१% माइलस्टोन मात्र सम्पन्न भएका, ३३.१% माइलस्टोन चालु रहेका र ९.८% माइलस्टोन सुरु हुन सकेका छैनन्। सम्पन्न भएका माइलस्टोनहरूमध्ये सबैभन्दा धेरै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ७५% रहेको छ भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ६९.८%, युवा तथा खेलकुद मन्त्रालयको ५८.८%, शिक्षा, विज्ञान तथा

प्रविधि मन्त्रालयको ५३% र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ४७.७% रहेका छन्। चालु अवस्थामा सबैभन्दा धेरै युवा तथा खेलकुद मन्त्रालयको ४१.२% माइलस्टोन रहेका छन्। सम्पन्न हुनुपर्ने मध्ये सबभन्दा धेरै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २६.५% माइलस्टोनहरू सुरु हुन सकेका छैनन्। सामाजिक क्षेत्रका माइलस्टोनहरूको कार्यप्रगति सम्बन्धी विवरण तालिका-१५ र लेखाचित्र ९ मा प्रस्तुत गरिएको छ।

तालिका-१५

सामाजिक क्षेत्रका माइलस्टोनहरूको आ.व.२०७८/७९ को प्रगति स्थिति

क्र.सं.	मन्त्रालय/ निकाय	माइलस्टोन संख्या	सम्पन्न हुनुपर्नेमध्ये					
			सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	शिक्षा, विज्ञान तथा प्रविधि	१३४	७२	५३.७	५३	३९.६	९	६.७२
२	स्वास्थ्य तथा जनसंख्या	१३२	६३	४७.७	३४	२५.८	३५	२६.५
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	४८	३६	७५	१२	२५	०	०
४	युवा तथा खेलकुद	१५३	९०	५८.८	६३	४१.२	०	०
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	४३	३०	६९.८	७	१६.३	६	१४
कुल		५१०	२९१	५७.१	१६९	३३.१	५०	९.८

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र ९



यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७८/७९ को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कुल ५१० माइलस्टोनमध्ये यस अवधिमा कुल २९१ माइलस्टोन सम्पन्न भएका छन्।

सम्पन्न माइलस्टोनको समयसीमाका आधारमा हेर्दा ढिलो १९०, छिटो ७ र ९४ माइलस्टोनहरू समयमै सम्पन्न भएको देखिन्छ। समयसारिणीका आधारमा सामाजिक क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१६ मा प्रस्तुत छ।

तालिका-१६

सामाजिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय	माइल्स्टोन संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	शिक्षा, विज्ञान तथा प्रविधि	७२	४	२४	४४	१३४
२	स्वास्थ्य तथा जनसंख्या	६३	३	३०	३०	१३२
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	३६	०	१४	२२	४८
४	युवा तथा खेलकुद	९०	०	१४	७६	१५३
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	३०	०	१२	१८	४३
	कुल	५१०	२९१	७	९४	१९०

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

ग) प्रमुख कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

यस क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थितिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

तालिका-१७

सामाजिक क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

क्र.सं.	नतिजा सूचक	दिगो विकास लक्ष्य नं.	समीक्षा अवधि	भार	एकाइ	बेसलाइन	वार्षिक लक्ष्य	आषाढ सम्मको प्रगति
१	पूर्व प्राथमिक शिक्षामा सहजै देखिने भर्ना दर	४.२.२.२	बार्षिक	५	प्रतिशत	८७.६	८९.५	८९.६
२	खूद भर्ना दर, माध्यमिक तह (कक्षा ९-१२)	४.१.१	बार्षिक	५	प्रतिशत	५१.२	५४	५४.३
३	आधारभूत तह कक्षा १ देखि ८ पूरा गर्ने दर	४.१.१.३	बार्षिक	५	प्रतिशत	७५.३	७६	७६.२
४	टिकाउ दर कक्षा १-८ सम्म	४.१.१.७	बार्षिक	५	प्रतिशत	८२.२	८४	८५.१
५	टिकाउ दर कक्षा ९-१२ सम्म	४.१.१.७	बार्षिक	५	प्रतिशत	२९.२	३०	३३.१
६	इन्टरनेट सुविधा उपलब्ध भएका सामुदायिक विद्यालय	४.क.२	मासिक	५	प्रतिशत	४१	६०	५१.२५

क्र.सं.	नतिजा सूचक	दिगो विकास लक्ष्य नं.	समीक्षा अवधि	भार	एकाइ	बेसलाइन	वार्षिक लक्ष्य	आषाढ सम्मको प्रगति
७	प्राविधिक तथा व्यावसायिक शिक्षा पुगेका स्थानीय तह	४.३	मासिक	१०	संख्या	६३५	६६०	६५५
८.	प्रदेश रंगशालाहरूको निर्माण	१६	मासिक	१५	प्रतिशत	२८	३०.५	३०
९.	युवा स्वरोजगार कोषबाट थप स्वरोजगार सिर्जना	८	मासिक	१५	जना हजारमा	७९.४०	९१.४०	९१.५४
१०.	ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार	३.१	मासिक	१०	जना	१०३	७५	१६९
११	श्रम अडिट	८.८	मासिक	१०	प्रतिष्ठान संख्या	२३१३	५०००	२९१९
१२	सामाजिक सुरक्षा कोषमा लाभग्राहीको संख्या	१.३	मासिक	१०	संख्या हजारमा	१७७.०८	६००	२४४.१६
१३	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या	८	मासिक	१५	संख्या हजारमा	१४.९७	५०	१७.१९
१४	प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी	४.४	मासिक	१०	जना (हजारमा)		२००	१४९
१५	कोभिडको पूर्ण खोप प्राप्त जनसंख्या	३	मासिक		संख्या हजार		१८५००	२०४४४
१६	तोकिए बमोजिमका खोप लिने बालबालिका	३.ख.१	मासिक	५	प्रतिशत	७६.७	९५	८५.५
१७	निशुल्क उपलब्ध औषधि (स्थानीय अस्पतालमा)	३.ख.३	मासिक	५	संख्या	४९	७०	७०

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

४.४ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय र परराष्ट्र मन्त्रालय तथा राष्ट्रिय योजना आयोगको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्र अन्तर्गत रहेका मन्त्रालय तथा निकायहरूका कुल १९० क्रियाकलाप रहेकामा यस अवधिसम्ममा केवल ४२.११% क्रियाकलाप मात्र सम्पन्न भएका छन् भने ५५.७९% चालु रहेका र २.११%

क्रियाकलापहरू सुरु हुन सकेका छैनन्। गृह मन्त्रालय र रक्षा मन्त्रालय बाहेकका निकायहरूको ५०% भन्दा कम क्रियाकलाप सम्पन्न भएका छन्।

शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति तालिका १८ र लेखाचित्र १० मा प्रस्तुत गरिएको छः

तालिका-१८

शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको आ.व. २०७८/७९ को प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२२	३	१३.६४	१८	८१.८२	१	४.५५
२	गृह मन्त्रालय	६०	३७	६१.६७	२२	३६.६७	१	१.६७
३	रक्षा मन्त्रालय	२३	१३	५६.५२	१०	४३.४८	०	०.००
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	४४	१५	३४.०९	२९	६५.९१	०	०.००
५	कानुन,न्याय तथा संसदीय मामिला मन्त्रालय	६	२	३३.३३	४	६६.६७	०	०.००
६	परराष्ट्र मन्त्रालय	१४	३	२१.४३	१०	७१.४३	१	७.१४
७	राष्ट्रिय योजना आयोग	२१	७	३३.३३	१३	६१.९०	१	४.७६
	कुल	१९०	८०	४२.११	१०६	५५.७९	४	२.११

स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र १०



(ख) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र कुल ४०५ माइलस्टोनहरू रहेकामा केवल ५६% मात्र सम्पन्न भएका छन् भने ३९.०१% चालु रहेका र ४.९४% सुरु नै हुन सकेका छैनन्। रक्षा मन्त्रालयको सबैभन्दा धेरै ७७.२७% माइलस्टोन सम्पन्न भएको देखिएको छ भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र परराष्ट्र मन्त्रालयको माइलस्टोनहरू ५०% भन्दा कम सम्पन्न भएको छ। शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१९ र लेखाचित्र ११ मा प्रस्तुत गरिएको छः-

तालिका-१९

शासकीय सुधार क्षेत्रका माइलस्टोनको आ.व.२०७८/७९को प्रगति विवरण

क्र.सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	सम्पन्न हुनुपर्नेमध्ये					
			सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रति शत	सं ख्या	प्रतिशत	संख्या	प्रतिशत
१	प्र.म. तथा म.प.को कार्यालय	३५	८	२२.८६	२४	६८.५७	३	८.५७
२	गृह	११०	७१	६४.५५	३६	३२.७३	३	२.७३
३	रक्षा	६६	५१	७७.२७	१३	१९.७०	२	३.०३
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	९५	४६	४८.४२	४४	४६.३२	५	५.२६
५	कानुन, न्याय तथा संसदीय मामिला	१२	७	५८.३३	५	४१.६७	०	०.००
६	परराष्ट्र	४०	१९	४७.५०	१७	४२.५०	४	१०.००
७	राष्ट्रिय योजना आयोग	४७	२५	५३.१९	१९	४०.४३	३	६.३८
कुल		४०५	२२७	५६	१५८	३९.०१	२०	४.९४

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र ११



यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७८/७९ लागि निर्धारित ४०५ माइलस्टोनहरूमध्ये २२७ माइलस्टोनहरू मात्र सम्पन्न भएकामा यी माइलस्टोनहरूको समयसीमाका आधारमा अध्ययन गर्दा ५ माइलस्टोन छिटो सम्पन्न भएको देखिएको छ भने १३२ माइलस्टोन ढिलो र ९० माइलस्टोन निर्धारित समयमै सम्पन्न भएका छन्।

समयसारिणिका आधारमा शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका २० मा प्रस्तुत गरिएको छ।

तालिका-२०

शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणि अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	माइल्स्टोन्स संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३५	८	०	३	५
२	गृह	११०	७१	०	१४	५७
३	रक्षा	६६	५१	०	२५	२६
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	९५	४६	०	२०	२६
५	कानुन, न्याय तथा संसदीय मामिला	१२	७	०	७	०
६	परराष्ट्र	४०	१९	५	१०	४
७	राष्ट्रिय योजना आयोग	४७	२५	०	११	१४
कुल		४०५	२२७	५	९०	१३२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ग) प्रमुख कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

यस क्षेत्रका कार्यसम्पादन सूचकहरुको आ.व. २०७८/७९ को प्रगति स्थितिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

तालिका २१

शासकीय सुधार क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

क्र. सं.	नतिजा सूचक	दिगो विकास लक्ष्य नं.	समीक्षा अवधि	भार	एकाइ	बेसलाइन	वार्षिक लक्ष्य	वार्षिक प्रगति
१	एकीकृत राष्ट्रिय परिचय पत्रको विवरण संकलन	१६	बार्षिक	१०	संख्या लाख	३०	१००	८०.७१
२	एकीकृत राष्ट्रिय परिचयपत्र वितरण	१६	वार्षिक	१०	संख्या लाख	१.२	३०	१४.२

क्र. सं.	नतिजा सूचक	दिगो विकास लक्ष्य नं.	समीक्षा अवधि	भार	एकाइ	बेसलाइन	वार्षिक लक्ष्य	वार्षिक प्रगति
३	काठमाण्डौं तराई/मधेश द्रुतमार्ग	९.१	मासिक	२०	प्रतिशत	१६.१०	२१.२	२१.०६
४	ग्रामीण कालोपत्रे सडक (संघीय मामिला)	९.१	मासिक	१५	कि. मि.	४३४५	४४९५	४४६७.३३
५	स्थानीय सडक पुल निर्माण (संघीय मामिला)	९.१	मासिक	१०	वटा	६१३	६४३	६४३
६	झोलुङे पुल निर्माण (संघीय मामिला)	९.१	मासिक	१०	संख्या	९१७३	९९०३	९७६७
७	विद्युतीय राहदानी वितरण	१६	मासिक	२१	संख्या लाख	-	१	४.७८७३

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

५. संक्षिप्त समीक्षा

- तोकिएको काम समयमै सम्पन्न हुन नसक्नु नेपालको विकास प्रशासनको प्रमुख समस्याको रूपमा विगतदेखि नै रहेको छ। यस्तो हुनुमा विकास आयोजना एवम् कार्यक्रमहरू पूर्व तयारी बिना घोषणा हुनु, जोखिम विश्लेषण गरी त्यसलाई न्यून गर्ने उपायहरू अबलम्बन नगरिनु, न्यून बजेट तथा जनशक्ति हुनु आदि समस्या रहेका छन्। यसका अलावा आ.व. २०७६/७७ बाट विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीले विकास प्रशासनलाई थप प्रभावित पारेको छ। आ.व. २०७८/७९ मा समेत यसको केही असर बाँकी नै रह्यो। सरकारको समग्र विकासका क्रियाकलापहरू कुनै न कुनै रूपमा यसबाट प्रभावित हुन पुगे। यद्यपि विगतवर्ष जस्तो कोभिडको प्रभाव आ.व. २०७८/७९ मा तीब्र नरहेको, खोप लगाउन योग्य जनसंख्याले खोप प्राप्त गरिसकेको अवस्था छ। समग्र अर्थतन्त्रसमेत प्रभावित भएको अवस्थामा अर्थतन्त्रको पुनरुत्थान गरी थप गतिशील र चलायमान बनाउन तोकिएका क्रियाकलापहरू समयमै सम्पन्न गरी लक्ष्य प्राप्तिमा केन्द्रित हुनु आवश्यक छ।
- देशमा राजनीतिक परिवर्तनसँगै कार्यपालिकीय नेतृत्व परिवर्तन भई नयाँ सरकार गठन भएको तथा अध्यादेश मार्फत घोषणा भएको बजेट तथा कार्यक्रम प्रतिस्थापन विधेयक मार्फत् संशोधन भएकोले समेत कार्यान्वयन प्रक्रियाले प्रारम्भ हुन केही समय लिएको थियो। संसदबाट प्रतिस्थापन विधेयक अनुमोदन भएपछि मात्र कार्यक्रमहरूको कार्यान्वयन प्रारम्भ भएकोले संशोधित कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइएको छ।

- वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्ने क्रममा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा सघन छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यताको विश्लेषण गरी सम्भव भएसम्म आवद्ध गराउने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो।
- उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमाका हकमा आश्विन महिना, विद्यमान कानुन संशोधन तथा कानुनको पूर्वतयारी भएका आयोजना तथा क्रियाकलापहरू संचालनको लागि बोलपत्र सूचना प्रकाशन कार्य श्रावण मसान्तसम्म सम्पन्न गर्ने र बोलपत्रको सम्झौता आश्विन मसान्तसम्म सम्पन्न गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी मन्त्रालय तथा निकायहरूका बजेट कार्यान्वयन कार्ययोजनाहरूलाई अन्तिम रूप प्रदान गरिएको थियो।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विघटन भइ उक्त प्राधिकरणको कार्य जिम्मेबारीको रूपमा रहेका ४७ क्रियाकलाप र ११० माईलस्टोनहरू मध्ये सम्पन्न भएको १ क्रियाकलाप र २ माइलस्टोन बाहेक जम्मा ४६ क्रियाकलाप र १०८ माइलस्टोनहरु सहरी विकास मन्त्रालय (२६ क्रियाकलाप, ५८ माइलस्टोन), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (७ क्रियाकलाप, १९ माइलस्टोन), संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (७ क्रियाकलाप, १४ माइलस्टोन), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (५ क्रियाकलाप, १४ माइलस्टोन) र गृह मन्त्रालय (१ क्रियाकलाप, ३ माइलस्टोन) मा हस्तान्तरण भएको थियो। सोहि बमोजिम यस एकिकृत अनुगमन प्रणालीमा मिलान हुँदा सम्बन्धित मन्त्रालयहरूको क्रियाकलाप र माइलस्टोन संख्या थप हुन पुगेको थियो।
- यस कार्यालयको एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएको मन्त्रालय तथा निकायहरूको स्वीकृत वार्षिक कार्ययोजना अनुसार आश्विन मसान्त सम्म मन्त्रालयहरूले विद्यमान कानुनहरू (कार्यविधि, निर्देशिका आदि) को संशोधन कार्य, बोलपत्र आव्हान तथा सूचना प्रकाशन कार्य, लागत अनुमान तयार गर्ने तथा प्रस्ताव आव्हान गर्ने जस्ता प्रारम्भिक कार्यहरू सम्पन्न गरिसक्नु पर्नेमा असारमसान्तसम्ममा पनि कतिपय त्यस्ता माइलस्टोनहरू सम्पन्न हुन नसकेको देखिएको छ।

- मन्त्रालयहरूको समग्र कार्यसम्पादनको अवस्था विश्लेषण गर्दा कार्ययोजनाको लक्ष्य अनुसार कार्य अगाडि बढ्न सकेको देखिदैन। यस कार्यालयको अनुगमन प्रणालीमा प्राप्त विवरण अनुसार मन्त्रालय तथा निकायहरूका यस अवधिसम्म सम्पन्न हुनुपर्ने गरी निर्धारण गरिएका माइलस्टोनमध्ये आ.व. २०७८/७९ को असार मसान्तसम्म ४५.६% माइलस्टोन मात्र सम्पन्न भएका छन्।
- बजेट निर्माण तथा कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्वरूपमा गरिएका सघन छलफलहरूका आधारमा स्वयं मन्त्रालयले लक्ष्य तथा समयसीमा निर्धारण गरी स्वीकृत भएको कार्ययोजनाको आर्थिक वर्षको प्रारम्भबाटै प्रभावकारी र नतिजामूखी कार्यान्वयन हुनुपर्नेमा सो भएको देखिदैन। साथै, कार्ययोजनामा निर्धारण गरिएका कार्यहरू सुरु वा सम्पन्न हुन नसक्नुका कारणहरू उल्लेख गरी प्रतिवेदन प्रविष्टि हुनुपर्नेमा सो समेत गरेको पाइदैन। यसलाई मन्त्रालय तथा निकायहरूको निर्धारित लक्ष्यप्रतिको कमजोर जवाफदेहिताको परिणाम हो भन्न सकिन्छ।
- सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयन नगर्ने र वित्तीय व्यवस्थापनमा मौजुदा कानूनी व्यवस्थाको कडाईका साथ कार्यान्वयन नगर्दा आयोजना सुशासन विस्तारै कमजोर हुनुका साथै फितलो हुँदै जाने देखिन्छ।
- कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई सुदृढ गर्ने तर्फ ध्यान नदिने हो भने तोकिएको समयमा कार्य सम्पन्न नहुने प्रवृत्तिमा सुधार गर्न सकिँदैन।
- आ.व. २०७८/७९ मा सम्पन्न हुनुपर्ने गरी निर्धारण गरिएका तर सुरु नै हुननसकेका ३९६ माइलस्टोनहरूको मासिक बिभाजन हेर्दा श्रावणमा सम्पन्न हुनुपर्ने १३, भाद्रमा सम्पन्न हुनुपर्ने २०, आश्विनमा सम्पन्न हुनुपर्ने ४७, कार्तिकमा सम्पन्न हुनुपर्ने ३२, मंसिरमा सम्पन्न हुनुपर्ने २७, पुसमा सम्पन्न हुनुपर्ने २८, माघमा सम्पन्न हुनुपर्ने ३३, फागुनमा सम्पन्न हुनुपर्ने २५, चैत्रमा सम्पन्न हुनुपर्ने ३३, वैशाखमा सम्पन्न हुनुपर्ने २४, जेठमा ३७ र असारमा सम्पन्न हुनुपर्ने ७७ माइलस्टोनहरू सुरु नै हुन सकेका छैनन्। यो अवस्थाले मन्त्रालय/निकायहरूको न्यून कार्यसम्पादनको अवस्थालाई दर्शाउँछ।

  यसको विस्तृत विवरण तालिका -२० मा उल्लेख गरिएको छ।

तालिका-२०

सुरु नभएका माइलस्टोनको वर्गीकृत तालिका

क्र.स.	मन्त्रालय/ निकाय	सम्पन्न हुनुपर्ने तर सुरु नभएका माइलस्टोनहरुको सम्पन्न हुनुपर्ने महिना												कुल जम्मा
		श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत्र	वैशाख	जेठ	असार	
१	अर्थ	०	१	३	०	०	०	०	०	०	०	१	२	७
२	कृषि	०	४	२	६	३	०	१	०	३	३	२	२	२६
३	उद्योग	७	११	१४	३	५	७	४	४	६	४	२	८	७५
४	संस्कृति	०	०	०	०	०	०	०	४	०	३	१	५	१३
५	वन	०	०	२	०	०	०	०	१	१	०	१	१	६
६	भूमि	०	०	०	१	२	०	२	१	०	१	०	२	९
७	भौतिक	४	२	७	९	०	६	७	४	८	५	१३	९	७४
८	उर्जा	०	०	१०	१	२	१	०	०	१	१	२	७	२५
९	शहरी	०	०	०	२	१	०	१	१	१	१	०	२९	३६
१०	खानेपानी	०	०	१	२	५	१	१	०	२	२	४	३	२१
११	संचार	२	२	५	३	२	२	११	३	१	१	०	०	३२
१२	शिक्षा	०	०	०	१	१	०	०	०	१	१	२	३	९
१३	स्वास्थ्य	०	०	०	३	४	७	४	४	६	१	४	२	३५
१४	महिला	०	०	०	०	०	०	०	०	०	०	०	०	०
१५	युवा	०	०	०	०	०	०	०	०	०	०	०	०	०
१६	श्रम	०	०	१	०	१	१	०	०	०	०	२	१	६
१७	प्रधानमन्त्री	०	०	०	०	१	१	०	०	१	०	०	०	३
१८	गृह	०	०	०	१	०	१	१	०	०	०	०	०	३
१९	रक्षा	०	०	०	०	०	०	१	१	०	०	०	०	२
२०	सङ्घीय	०	०	०	०	०	०	०	१	१	१	१	१	५
२१	कानून	०	०	०	०	०	०	०	०	०	०	०	०	०
२२	परराष्ट्र	०	०	२	०	०	१	०	०	१	०	०	०	४
२३	रा.यो.आ	०	०	०	०	०	०	०	१	०	०	२	०	३
२४	लगानी बोर्ड	०	०	०	०	०	०	०	०	०	०	०	२	२
कुल		१३	२०	४७	३२	२७	२८	३३	२५	३३	२४	३७	७७	३९६

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

- माथि तालिकामा देखाइएजस्तै आ.व. २०७८/७९ मा सम्पन्न हुनुपर्ने ३९६ माइलस्टोनको कार्य असार मसान्तसम्म पनि सुरु हुन नसकेको देखिएको छ। एकीकृत अनुगमन प्रणालीमा प्राप्त प्रगति विवरण अध्ययन गर्दा सम्पन्न हुनुपर्ने कार्य सुरु हुन नसक्नुमा अधिकांश विषयहरूमा स्पष्ट कारण खुलाइएको छैन या त कुनै पनि विषयको रिपोर्टिङ गरिएको छैन। कारण खुलाइएका मध्ये धेरैजसो कार्यहरू सम्बन्धित मन्त्रालय तथा निकायहरूको आवश्यक पूर्वतयारी नपुगेको कारणले उक्त कार्यमा ढिलाइ हुन पुगेको देखिन्छ। यसको मतलव मन्त्रालय तथा निकायहरूको कार्ययोजना निर्माण वा कार्यक्रम निर्धारण नै वस्तुपरक, यथार्थ र वैज्ञानिक हुन

सकेको छैन अथवा मन्त्रालयहरूले पूर्वनिर्धारित कार्ययोजना बमोजिमको कार्यसम्पादनमा चासो दिएका छैनन् भन्ने स्पष्ट हुन आउँछ।

- मन्त्रालयहरूबाट प्राप्त विवरण अनुसार असार मसान्तसम्म सम्पन्न हुनुपर्ने माइस्टोनमध्ये सुरु हुन नसकेका माइलस्टोनको कारणहरू देहाय बमोजिम रहेका छन्:

तालिका-२१

काम सुरु हुन नसकेका माइलस्टोनको कारणहरू

क्र.स.	मन्त्रालय/ निकाय	काम सुरु हुन नसक्नुका कारणहरू**													कुल	कैफियत
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३		
१	अर्थ	६					१								७	
२	उद्योग	१६	१३	१६		१	४	११	३	१		२	२	६	७५	
३	कृषि	३	४					३		१२				४	२६	
४	सङ्घीय		४										१		५	
५	भूमि	५					१							३	९	
६	वन	१								५					६	
७	भौतिक	४२	१७	६				२		५		२			७४	
८	उर्जा	१	१२	३	६		२						१		२५	
९	खानेपानी	४	६			१		१	३		३		३		२१	
१०	सञ्चार	३	१७			२	६	२	१	१					३२	
११	शहरी	१२	७	८					४	३				२	३६	
१२	शिक्षा		१	२			१	४	१						९	
१३	स्वास्थ्य	५	१५	५			२	४		३		१			३५	
१५	श्रम		२				३			१					६	
१६	रक्षा					१			१						२	
१७	प्रधानमन्त्री	१												२	३	
१८	परराष्ट्र	१								२				१	४	
१९	गृह		१			१	१								३	
२०	पर्यटन		२	१						१०					१३	
२१	रा.यो.आ.	२								१					३	
२२	लगानी बोर्ड		२												२	
कुल		१०२	१०३	४१	६	६	२१	२७	१३	४४	३	५	७	१८	३९६	

***(१) कारण नखुलेको (२) पूर्वतयारी पूरा नभएको (३) बजेट व्यवस्थापन /स्रोत सुनिश्चितता नभएको (४) जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन (५) कोभिड-१९ को असर (६) कानूनी आधार एवम् कार्यविधि तयार नभएको (७) स्थान छनौट/जग्गा प्राप्ति नभएको (८) तहगत/निकायगत समन्वय हुन नसकेको (९) कार्यक्रमको पुनर्संरचना एवम् संशोधन गर्नुपरेको (१०) विपद, वर्षा तथा मौसमी प्रतिकुलता (११) अन्य निकायको सहमति प्राप्त नभएको (१२) विवाद तथा कानूनी जटिलता (१३) विकास साझेदारको प्रतिवद्धता तथा अन्तर्राष्ट्रिय कारणहरू*

- माथिको तलिकालाई विश्लेषण गर्दा हालसम्म सुरु वा सम्पन्न हुनुपर्ने मध्ये कार्य सुरु हुन नसक्नुका कारणहरूमा पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना बनाई लागू गर्ने, बोलपत्र सम्बन्धी कागजातहरू तयार गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, सेवा निकाय छनौटका लागि

सूचना प्रकाशन गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा संचालन ढाँचा तयार गर्ने जस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुनुपर्ने माइलस्टोनहरू समयमै सम्पन्न हुन नसक्दा त्यसपछि सञ्चालन हुने क्रियाकपालहरू स्वतः प्रभावित हुने कुरा स्वयंसिद्ध नै छ।

- असार मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनहरूमध्ये ४१ माइलस्टोनहरू बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट प्रभावित देखिएका छन्। एकातिर पूँजिगत खर्च क्षमता कमजोर हुनु अर्कोतिर बजेट व्यवस्थापन हुन नसकेको कारणले पुँजिगत खर्चमा सुधार नभएको देखिनु आफैंमा विरोधाभासपूर्ण देखिएको छ। खर्च हुन नसक्ने शीर्षकको बजेट समयमै रकमान्तर गरी खर्च हुनसक्ने कार्यमा लगानी गर्नेतर्फ सरोकारवाला सबैको ध्यान जानु आवश्यक देखिएको छ।
- कार्यक्रमको पुनर्संरचना गर्नुपरेको कारणले समेत ४४ माइलस्टोनहरु प्रभावित भएको देखिएको छ। मन्त्रालय/निकायहरूले कार्ययोजना निर्माणको चरण देखिनै गम्भिर हुनुपर्ने देखिएको छ।
- नेपालमा विकास प्रशासनमा समस्याको रूपमा रहेको जग्गा प्राप्ति तथा स्थान छनोटको विषयबाट प्रभावित माइलस्टोनहरूको संख्या आ.व. २०७८/७९ मा २७ रहेका छन्। जग्गा प्राप्तिको लागि समेत सम्बन्धित निकायहरूसंग पर्याप्त समन्वयको आवश्यकता छ। साथै स्थान छनौट वा जग्गा प्राप्ति जस्ता सामान्य पूर्वतयारीका विषय पूरा नभई आयोजना/कार्यक्रम छनौट गर्ने परिपाटी समेत अन्त्य हुन आवश्यक छ।
- सम्बन्धित निकायबाट नियमावली वा कार्यविधि जस्ता विषयहरू समयमै स्वीकृत/संशोधन नहुनु, अन्तरतह/मन्त्रालय/निकाय सँगको समन्वयको कमी, अन्य निकायबाट सहमति प्राप्त नहुने आदि कारणले समेत कार्यक्रमहरू प्रभावित भएको देखिएकोले समन्वय संयन्त्रलाई थप क्रियाशील गराउनु आवश्यक देखिएको छ। अन्तर निकाय सहमति/राय प्राप्त गर्नुपर्ने/प्रदान गर्ने बिषयमा तोकिएको समयसीमामा रही कार्यसम्पादन गर्नुपर्दछ। यस्ता विषयहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहजीकरण गरिनुपर्दछ।
- विकास साझेदारको प्रतिबद्धता तथा अन्तर्राष्ट्रिय कारणहरूले पनि १८ माइलस्टोनहरू प्रभावित भएका छन्। कुटनैतिक संयन्त्रहरूको थप सक्रियता अभिबृद्धि गरी अन्तर्राष्ट्रिय साझेदारीमा आधारित कार्यक्रमहरूको कार्यान्वयन सुनिश्चितता प्रबर्द्धन गर्नुपर्ने देखिएको छ।

- कुनै कारण उल्लेख नगरिएका वा सम्बन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले प्रारम्भ हुन नसकेका भनी उल्लेख भएका माइलस्टोनहरूको संख्या सबैभन्दा धेरै रहेकोले मन्त्रालय/निकायहरूले समयमा प्रतिवेदन गर्ने र सम्बन्धित समस्याको जानकारी गराई समाधान गर्न लाग्नुपर्ने देखिएको छ। यसरी समयमै प्रतिवेदन नगर्नुले या त मन्त्रालयले प्रतिवेदनमा ध्यान नदिएको या उक्त विषय मन्त्रालयको प्राथमिकतामा नपरेको हुन सक्दछ।

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामूखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

(क) अन्तर निकाय समन्वयको कमीले गति लिन नसकेका क्रियाकलापहरूका लागि समन्वयको कार्य प्रभावकारी बनाउनु आवश्यक छ। यसका लागि आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहयोग लिनु उपयुक्त हुन्छ।

(ख) आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुने भनी तोकिएका विषयहरू आर्थिक वर्षको अन्त्यहुँदा समेत सुरु हुन नसकेको स्थिति रहेकोले समयमै त्यस्ता माइलस्टोनहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।

(ग) आयोजना/कार्यक्रम स्थलमा नगई वर्षात् या महामारीको समयमासमेत कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरूको आधारभूत विषयहरू आर्थिक वर्षको सुरुका महिनामै सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिबृद्धि गर्नुपर्छ।

(घ) बजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था तुरुन्त गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। अन्यथा कार्यान्वयन गर्ने निकायको कार्ययोजना प्रभावित हुन्छ।

(ङ) स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा अनिवार्य दायित्वको रकम र विकास सहायताका कार्यक्रमहरूमा छुट्याउनुपर्ने बजेट छुट्याईएपछि मात्र अन्य कार्यक्रम प्रस्ताव गरिएको/नगरिएको विषय राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले सुनिश्चित गर्नुपर्दछ।

(च) पन्ध्रौं पञ्चवर्षीय योजना तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ समेतले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमै स्रोत सुनिश्चितता गर्ने तथा

स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूलाई वार्षिक रूपमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

(छ) राय तथा सहमति प्रदान गर्नुपर्ने विषय यथाशीघ्र सम्पन्न गर्ने तथा सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने र यस्तो विषयको Track Record राखी नियमन तथा सहजीकरण गर्ने निकायमा पठाउनु उपयुक्त हुन्छ। साथै सहमति प्रदान गर्ने निकायले समेत यस्ता विषयहरूको Track Record राख्नु पर्दछ।

(ज) मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाई रहने र संस्थागत अभिलेख समेत रहन्छ।

(झ) आयोजना/कार्यक्रम कार्यान्वयनमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान केन्द्र एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्याको समाधानको पहल गर्नुपर्दछ।

(ञ) यस अवधिमा सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ५४.४% सम्पन्न हुननसक्नुले मन्त्रालय/निकायहरूले कार्यान्वयनको पद्धति र आवश्यक भएमा कार्ययोजना समेतलाई पुनर्समीक्षा गर्नुपर्ने देखिन्छ। कार्ययोजना निर्माणको चरण देखिनै नेपाल सरकारको वार्षिक नीति तथा कार्यकम र बजेट बक्तव्यको अभिप्रायसँग सामञ्जस्यता कायम गर्ने पक्षमा विशेष ध्यान पुऱ्याँउदै माइलस्टोन छनोटमा गम्भिर हुनुपर्ने देखिएको छ।